"कृषि, पर्यटन र साँस्कृतिक पूर्वाधारः टेम्केमैयुङ विकासको आधार"

# टेम्केमैयुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अन्नपूर्ण, भोजपुर
कोशी प्रदेश, नेपाल

टेम्केमैयुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्नपूर्ण भोजपुर कोशी प्रदेश नेपाल

प.सं.:- २०८३/८४

च.नं.:-

मितिः- २०८३/०५/२५

**(प्रथम पटक प्रकाशित मिति २०८३/०५/२५)**

विषयः प्रधानाध्यापक पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा नियमावली, २०५९ (संसोधनसहित) को नियम ९३ बमोजिम यस गाउँपालिकाको वडा नं. ३ अन्नपूर्णमा अवस्थित श्री अन्नपूर्ण बागधन रणदीपा राई माध्यमिक विद्यालयमा रिक्त रहेको प्रधानाध्यापक पदपूर्ति गर्नुपर्ने भनी विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित आवश्यक प्रक्रिया अगाडि बढाउनका लागि विद्यालयको पत्र प्राप्त भएकाले ऐ. ऐ. नियमावली र नियमको उपनियम (२) बमोजिम उक्त विद्यालयको माध्यमिक तहमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट प्रधानाध्यापक नियुक्ति प्रक्रियाका लागि सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र आवश्यक कागजात सहित सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति समक्ष दरखास्त पेश गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>आवश्यक योग्यताः</u>

१) स्नात्तकोत्तर तह उत्तीर्ण अथवा शिक्षाशास्त्र संकायमा स्नात्तक तह वा सो सरह उत्तीर्ण गरी कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको ।

<u>आवश्यक कागजातः</u>

१) उम्मेद्वारको निवेदन,
२) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
३) स्थायी नियुक्ति पत्रहरुको प्रतिलिपी,
४) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
५) व्यवस्थापन तालिम र शैक्षिक तालिमका प्रमाणपत्रको प्रतिलिपी,
६) विद्यालय विकास प्रस्ताव।

०८३/०५/२५

राजन ढकाल

नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत